annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २०९, पृष्ठ ८ | काठमाडौं, शनिबार २० मंसिर २०८२ | मार्ग कृष्णपक्ष द्वितीया, नेपाल संवत् ११४६ | SATURDAY, DECEMBER 6, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## लुम्बिनीका ९ हजार किशोरी, विवाहको उमेर नपुग्दै सुत्केरी




मुलुकको संविधान र कानुनले विवाहका लागि २० वर्ष उमेर निर्धारण गरेको छ। त्यो भन्दा कम उमेरमा हुने विवाहलाई बालविवाह भनेको छ। बालविवाहलाई कानुनले बर्जित मात्र होइन, दण्डनीय पनि बनाएको छ। बालविवाहले बालबालिकाको जीवनमा प्रतिकूल असर पार्ने भएकाले उमेर नपुग्दै हुने विवाहलाई कानुनले नै निषेध गरेको हो। तर, लुम्बिनी प्रदेशमा उमेर नपुग्दै विवाह मात्र होइन, उमेर नपुग्दै हजारौं किशोरी सुत्केरी हुने गरेका छन्। पछिल्ला तीन आर्थिक वर्षमा मात्रै लुम्बिनीमा ८ हजार ८ सय ७१ जना बालिका २० वर्ष उमेर नपुग्दै सुत्केरी भएका छन्। बालविवाहले विकराल रूप लिँदै गए पनि त्यसलाई न्यूनीकरण गर्न तीन तहका सरकारले ठोस काम गर्न सकेका छैनन्।

**केशरराज क्षेत्री** | *बुटवल*

**- को रिपोर्ट**

समाचार पृष्ठ २







## प्रत्यक्षमा ३३ प्रतिशत महिला उम्मेदवार बनाउन आयोगको निर्देशन



**निर्वाचनमा सहभागिता र समावेशिताको विषयलाई लिएर पहिलो संविधानसभाका सदस्यहरूले प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेर ध्यानाकर्षण गराएपछि तस्बिर खिचाउँदै।** ● तस्बिर : प्रधानमन्त्रीको सचिवालय

**राजकरण महतो** | *काठमाडौं*

निर्वाचन आयोगले प्रत्यक्षतर्फ ३३ प्रतिशत महिलालाई उम्मेदवार बनाउन निर्देशन दिएको छ। आयोगले शुक्रबार साँझ दलहरूलाई २० बुँदे निर्देशन जारी गर्दै प्रत्यक्षमा ३३ प्रतिशत महिला उम्मेदवार सुनिश्चित गर्न निर्देशन दिएको हो।

आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले पहिलो बुँदामै ३३ प्रतिशत महिला उम्मेदवार बनाउन निर्देशन दिएको जानकारी दिए। माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य तथा फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी हुने दलहरूलाई प्रत्यक्षतर्फ पनि ३३ प्रतिशत महिलालाई उम्मेदवार बनाउन निर्देशन दिइएको आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले जानकारी दिए।

'संविधानको धारा ३८ को उपधारा (४) तथा धारा ४२ को उपधारा (१)मा भएको व्यवस्था, संविधानको धारा ४७ को मौलिक हकको कार्यान्वयनसम्बन्धी व्यवस्थालाई समेत स्मरण गरी निर्वाचन प्रणालीमा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एकतिहाइ नघट्ने गरी महिला उम्मेदवारको प्रतिनिधित्व सुनिश्चित गर्ने एवं लैंगिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्ने,' आयोगको निर्देशनमा भनिएको छ, 'लैंगिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नू।' निर्वाचनमा महिला तथा अल्पसंख्यकहरूको सहभागिता र समावेशिताको विषयलाई लिएर पहिलो संविधानसभाका सदस्यहरूले हालै प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेर ध्यानाकर्षण गराएका थिए।

प्रधानमन्त्रीसँगको भेटमा उनीहरूले महिला, दलित, जनजाति र अन्य अल्पसंख्यकको प्रतिनिधित्व सुनिश्चित गर्न माग गरेका थिए। त्यसलगत्तै निर्वाचनमा समावेशी तथा समानुपातिक प्रतिनिधित्व कायम गर्दै निर्वाचनमा सुशासन कायम गर्नका लागि राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम आयोगमा दर्ता रहेका राजनीतिक दलहरूलाई आयोगले २० बुँदे निर्देशन जारी गरेको छ।

'प्रत्येक राजनीतिक दलले दिगो विकासको लक्ष्यलाई ध्यानमा राखी सन् २०३० सम्म संसद्मा ४० प्रतिशत महिला प्रतिनिधित्व पुर्‍याउने नीति अख्तियार गर्ने विषयको प्रभावकारी कार्यान्वनका लागि लैंगिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवारको समेत मनोनयन गर्नू,' आयोगको निर्देशनमा भनिएको छ, 'महिला, दलित वा अल्पसंख्यक समुदायका लागि आरक्षण गरिएका पदहरूबाहेक पदमा उम्मेदवार मनोनयन गर्दा कम्तीमा एकतिहाइ महिला र नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी समानुपातिक तथा समावेशी सिद्धान्तका आधारमा उम्मेदवार मनोनयन गर्ने।'

आयोगले दलहरूलाई दिएको २० बुँदे निर्देशनका अधिकांश बुँदाहरू लैंगिक तथा समावेशी प्रतिनिधित्वका सवालहरूसँग सम्बन्धित छन्।

» बाँकी पृष्ठ ६

## भारतमा निर्वाध रूपमा इन्धन आपूर्ति हुन्छ : पुटिन

**नयाँदिल्ली** (एजेन्सी) : रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले रुसले भारतलाई निर्वाध रूपमा इन्धन आपूर्ति जारी राख्ने बताएका छन्। अमेरिकाले भारतलाई रुसबाट तेल नकिन्न निरन्तर दबाब दिइरहेको बेला रुसी राष्ट्रपतिले यस्तो प्रतिबद्धता जनाएका हुन्। पुटिन हाल भारत भ्रमणमा छन्।

अमेरिकाले रुसबाट तेल खरिद गरेको भन्दै भारतमाथि थप २५ प्रतिशत भन्सार शुल्क लगाएको थियो। यसका कारण भारतमाथिको अमेरिकी भन्सार शुल्क ५० प्रतिशत पुगेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यही अगस्टमा भारतमाथि ५० प्रतिशत भन्सार शुल्क लगाएका थिए। जसमा रुसी तेल र हतियार खरिद गर्दा २५ प्रतिशत जरिवाना पनि समावेश थियो। ट्रम्पले युक्रेनविरुद्धको युद्धमा भारतले रुसी तेल र हतियार खरिद गरेर रुसलाई फाइदा



पुर्‍याएको आरोप लगाएका छन्। जुन आरोप भारतले अस्वीकार गरेको छ।

सन् २०२२ मा युद्ध सुरु हुनुभन्दा अगाडि भारतको रुसबाट तेल आयात मुस्किलले २.५ प्रतिशत थियो। तर, छुट दरमा रुसी तेल खरिद गरेपछि २०२४-२५ मा यो बढेर लगभग ३५.८ प्रतिशत पुगेको छ।

## निर्वाचन सुरक्षाप्रति दलको चिन्ता, सरकार भन्छ- आशंका नगर्नुहोस्

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

फागुन २१ गते घोषित निर्वाचनमा दलहरूले सुरक्षा चिन्ता व्यक्त गरेका छन्। प्रधानमन्त्री सुशीला कार्कीको आह्वानमा शुक्रबार भएको सर्वपक्षीय वार्तामा दलहरूले भागेका कैदी र लुटेका हतियार फिर्ता नभएसम्म निर्वाचनको वातावरण बन्न नसक्ने बताएका छन्। उनीहरूले आपधारिक पृष्ठभूमिका कैदीबन्दीहरू जेलबाहिर नै रहेको र ठूलो परिमाणमा हतियार हराएकाले निर्वाचन सुरक्षाको वातावरण बनिनसकेको बताए।

आन्दोलनमा लुटिएका प्रहरीका हतियार सरकारले फिर्ता गर्न नसकेको भन्दै उनीहरूले सुरक्षाप्रति चिन्ता प्रकट गरेका छन्। जेन-जी अगुवा भनिएकाहरूले नै दलहरूलाई धक्याउने र चुनाव हुन दिँदैनौं भन्दै हिँडेकाले निर्वाचनको वातावरण नबनेको उनीहरूको तर्क छ। बैठकपछि कांग्रेस नेतृ पुष्पा भुसालले निर्वाचनमा कुनै पनि सुरक्षा थ्रेट स्वीकार गर्न नसकिने बताएकी छन्। नेतृ भुसालले कांग्रेसले बैठकमा राखेको धारणा सुनाउँदै भनिन्, 'कुनै पनि किसिमको थ्रेटलाई कांग्रेसले स्वीकार गर्दैन भनेर स्पष्ट भनेका छौं। यदि राजनीतिक दल, उम्मेदवार, मतदाता, मतदानकेन्द्रमा कुनै किसिमको थ्रेट भयो भने त्यसको जिम्मेवार सरकार नै हुनुपर्छ भन्ने हाम्रो धारणा हो भनेर भनेका छौं।'

उनले सुरक्षा चुनौतीहरूको समाधान गर्न सरकारलाई बैठकमा सुझाव दिएको पनि बताएकी छन्। तोकिएका मितिमा निर्वाचनमा जान कांग्रेस तयार रहेको पनि बैठकमा जानकारी गराएको उनले बताएकी छन्। उनले भनिन्, 'यो सरकारलाई फागुन २१ गते निर्वाचनबाट भाग्ने छुट छैन।'

उनले सर्वपक्षीय बैठक मुलुक निर्वाचन उन्मुख भएको आभास भएको पनि बताएकी छन्। एमालेले पनि निर्वाचनका लागि सुरक्षाको वातावरण नबनेको बताएको छ। एमाले नेता महेशकुमार बर्तौलाले आफूले निर्वाचनको वातावरण बनेको अनुभूति गर्न नपाएको धारणा बैठकमा राखेको जानकारी दिए। नेपाली कम्युनिस्ट पार्टीका नेता प्रकाश ज्वालाले फागुन २१ को निर्वाचनलाई सफल बनाउने विषयमा सर्वदलीय बैठकमा छलफल भएको बताए।



उनले यो चुनावी सरकार भएकाले सरकारको अर्जुनदृष्टि पनि चुनाव नै हुनुपर्ने विषयमा जोड दिइएको बताए। 'यो चुनावी सरकार हो, सरकारको अर्जुनदृष्टि चुनावमा नै हुनुपर्छ। अध्यादेश ल्याउने जस्ता अरू कुरा लाग्ने काम गर्नुहुँदैन भनेका छौं,' उनले भने। उनले शान्ति सुरक्षाको वातावरण अझै नबनेको बताए।

रास्वपाकी नेतृ सोविता गौतमले पनि भयरहित वातावरणमा चुनाव गराउने जिम्मा सरकारको भएको बताएकी थिइन्। उनले निर्वाचनको वातावरण पनि बन्दै गएको बताइन्। रास्वपाका नेताले रवि लामिछानको विषयमा बैठकमा प्रवेश गराएका थिए।

राप्रपाका नेता भुवन पाठकले निर्वाचन हुनुभन्दा पहिला नै जेन-जी, राजसंस्था र दलहरूबीच नवीन समझदारी गरेर निर्वाचनमा जानुपर्ने बताए। उनले विदेशमा रहेका नेपालीलाई पनि मतदानको अधिकार दिनुपर्ने विषयमा कुरा राखेको बताए।

प्रधानमन्त्री सुशीला कार्कीले चुनावका सम्बन्धमा आशंका नगर्न दलहरूलाई आग्रह गरेकी छन्। उनले सरकार चुनाव गराउन तयार रहेकाले चुनावमा लाग्न आग्रह गरेकी छन्।

राजनीतिक दलहरू, निर्वाचन आयोग र सुरक्षा निकायका प्रमुखसँगको संयुक्त बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले भनिन्, 'चुनाव हुन्छ कि हुँदैन भन्ने अब नसोचौं। कसरी चुनाव सफल पार्ने भनेर सोचौं। सबैले एक चित्तले सोचेमा चुनाव नहुने कुरै छैन।' उनले सबै एकमत भएमा चुनावमा कसै खलल पार्न नसक्ने स्पष्ट बताएकी छन्। उनले भनिन्, '१२६ वटै दलले चुनाव हुनुपर्छ भन्ने धारणा राख्नुपर्छ। हामी एकमत भयौं भने निर्वाचनमा कसैले खलल पार्न सक्दैन। खराब तत्त्वले आक्रमण गर्न सक्दैन।' प्रधानमन्त्री कार्कीले सुरक्षाको व्यवस्था बनाउन आमसमुदायले सरकारलाई सहयोग गर्न पनि आह्वान गरेकी छन्।

» बाँकी पृष्ठ ६